# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश

सम्पर्क नं.
नगर प्रमुख : ०९१-५६०३८०
प्रमुख प्र.अ. : ०९१-५६०११८
प्रशासन शाखा : ०९१-५६०/१६

पत्र संख्या :- २०७९/८०
चलानी नं. :- १६८१

मितिः २०७९।१०।२४

श्री सम्पूर्ण वडा कार्यालयहरु
टीकापुर, कैलाली ।

विषय :- न्यूनतम रोजगारीमा निवेदन दिई सुचिकृत हुने बारेको सूचना ।

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारको हक सम्वन्धि नियमावली, २०७५ को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आ.व. २०८०/०८१ का लागि न्यूनतम रोजगारीमा संगलन हुन चाहने आर्थिक र सामाजिक अवसर बाट बन्चित(१८-५९) वर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरुले आफ्नो स्थाई बसोबास भएको वडा कार्यालयमा गई २०७९ फागुन १ गते देखि फागुन मसान्त सम्म निवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ । साथै निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र तथा टीकापुर नगरपालिका को वेबसाइट www.tikapurmun.gov.np र प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट समेत प्राप्त गर्न सकिने छ र बेरोजगार व्यक्तिहरुले तपसिल बमोजिमको विवरण अनिवार्य पेश गर्न हुन सम्बन्धित सबै मा अनुरोध छ ।

तपसिल :-

१. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नागरिकता प्रमाणपत्र को प्रतिलिपि १ प्रति
२. हालसालै खिचेको पासपोर्टको साईजको फोटो १ प्रति
३. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्म मिति, नागरिकता नं. जारी जिल्ला जारी मिति, शैक्षिक योग्यता, सिप,तथा रोजगारीको अवस्था अनिवार्य उल्लेख गर्नु पर्न छ ।
४. परिवारका कुनै सदस्यहरुले सामाजिक सुरक्षा भत्ता वा अन्य सरकारी सेवा सुविधा लिए/नलिएको विवरण अनिवार्य भर्नु पर्ने छ।
५. स्थाई बसोबास खुल्ने आवश्यक कागजपत्रको प्रतिलिपि, विवाह दर्ता वा बसाई सराई प्रमाणपत्रको प्रतिलिपि १ प्रति
६. निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सुचिकृत गरिने छ

.........................
मंगल बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत



CamScanner